हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः५ संख्याः ९ प्रमाणिकरण मितिः २०७९/१२/०७

भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

## नगर युवा परिषद् संचालन कार्यविधि, २०७९

### प्रस्तावना

जितपुरसिमरा उपमहानगरपालिकाका युवाहरुको हकहितको संरक्षण र प्रवर्द्धन गर्दै उनिहरुको सशक्तिकरण एवं समग्र विकासका साथै शिक्षा, सिप, उद्यमशिलताका माध्यमबाट स्वास्थ, अनुशासित र स्वरोजगार युवाहरुको विकास गर्न तथा स्थानिय स्रोत साधनको अधिकतम उपयोगबाट समुन्नत उपमहानगरपालिका निर्माणका लागि नीति निर्माणदेखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता जुटाई सबै वर्ग, तह र समुदायमा युवाहरुलाई नगर विकासको मुलप्रवाहमा समाहित गर्न बाञ्छनिय भएकोले, स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी जितपुरसिमरा उपमहानगरपालिकाद्वारा नगर युवा परिषद् संचालन कार्यविधि,२०७९ बनाई जारी गरिएको छ ।

### परिच्छेद एक
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम "नगर युवा परिषद् संचालन कार्यविधि,२०७९" रहने छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

ग) "क्लब" भन्नाले यस कार्यविधिको दफा ११ बमोजिम टोल र वडामा गठन हुने युवाहरुको क्लबलाई जनाउँछ ।

घ) "तोकिएको वा तोकिए" बमोजिम भन्नाले यस कार्यविधिको अधिनमा रहि कार्यपालिका वा नगर सभाबाट तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

ङ) "नगर प्रमुख" भन्नाले जितपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

च) "परिषद्" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम स्थापना भएको नगर युवा परिषद् सम्झनु पर्छ ।

छ) "उपमहानगरपालिका" भन्नाले जितपुरसिमरा उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

ज) "युवा" भन्नाले १६ देखि ४० वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनु पर्छ ।

झ) "विशेष समुदायको युवा" भन्नाले द्वन्द्व पिडित, जोखिममा परेका, दलित, जनजाति, गरिबीको रेखामुनि रहेका, अपाङ्गता भएका वा सिमान्तकृत,दलित तथा अल्पसङ्ख्यक समुदायका युवा सम्झनु पर्छ ।

ञ) "सदस्य" भन्नाले नगर युवा परिषद्का पदाधिकारी, सदस्य र सदस्य सचिव समेतलाई जनाउँछ

## परिच्छेद दुई

## परिषद्को स्थापना, गठन, काम, कर्तव्य र अधिकार

### ३. परिषद्को स्थापनाः

क) प्रस्तावनामा उल्लेखित कार्यहरु समेतका लागि उपमहानगरपालिकामा एक नगर युवा परिषद् स्थापना गरिने छ।

ख) नगर युवा परिषद्को कार्यालय जितपुरसिमरा उपमहानगरपालिकामा रहने छ ।

ग) परिषद्ले उपमहानगरपालिकाको स्वीकृति लिई आवश्यक्ता अनुसार नगरका अन्य स्थानमा पनि आफ्नो सम्पर्क कार्यालय संचालन गर्न सक्नेछ ।

### ४. परिषद्को गठनः

(१) नगर युवा परिषद् गठन देहाय बमोजिम हुनेछ ।

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर प्रमुखको प्रस्तावमा कार्यपालिकाले तोकेको युवा सदस्य - उपाध्यक्ष

ग) युवा विकासको क्षेत्रमा योगदान गरेकामध्ये परिषद्ले मनोनित गरेका एक जना महिलासहित तीन जना युवा - सदस्य

घ) वडास्तरीय युवा क्लबबाट परिषद्ले मनोनित गरेको एक जना महिला सहित दुई जना - सदस्य

ङ) विशेष समुदायबाट परिषद्ले मनोनित गरेको एक जना महिलासहित दुई जना - सदस्य

च) फरक क्षमता भएको नगर उप-प्रमुखले मनोनित गरेको एक जना - सदस्य

च) युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(२) मनोनित सदस्यहरुको पदावधि कार्यपालिकाको कार्यकालसंगै समाप्त हुनेछ ।

(३) मनोनित सदस्यहरुले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा नगरपालिकाले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(४) मनोनित सदस्यलाई पदबाट हटाउँनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(५) मनोनित सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.इ.इ. उत्तिर्ण भएको हुनुपर्नेछ ।

### ५. परिषद्को काम, कर्तव्य र अधिकारः

क) युवा सम्बन्धि दिर्घकालिन नीति तर्जुमा गरी उपमहानगरपालिका समक्ष सिफारिस गर्ने ।

ख) नगरपालिकाबाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धि वार्षिक योजना तथा कार्यक्रम बनाई नगरपालिकामा पेश

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

गर्ने ।

ग) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु निधारण गर्ने ।

घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने ।

ङ) युवालाई नगर तथा राष्ट्र निर्माणमा सहभागि हुन उत्प्रेरित गर्ने ।

च) परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट प्रस्ताव गरी नगर कार्यपालिकामा पेश गर्ने ।

छ) नगर स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालनका कार्यक्रमहरु संचालन गर्ने ।

ज) नगर स्तरमा युवामा विशेष सिप र उद्यमशिलता तथा नेतृत्व विकास सम्बन्धि कार्यहरु गर्ने ।

झ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय तथा सहकार्य गर्ने ।

ञ) युवाका क्षेत्रमा संघ, प्रदेश तथा अन्य पालिका तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने ।

ट) युवाहरुबीच नवप्रवर्तन तथा विशेष क्षमता अभिबृद्धिका कार्यहरु गर्ने ।

ठ) नगरमा रहेका क्लब, बाल क्लब, बाल संजाल तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गरि सामाजिक विकृति तथा कुप्रथा अन्त्य गर्न पहल गर्ने ।

ड) नगरलाई बालमैत्री स्थानिय शासनयुक्त नगरपालिका घोषणा तथा कार्यान्वयनका लागि आवश्यक क्रियाकलापहरु संचालन गर्ने ।

ढ) बालबालिका, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरु र महिलाहरुका हितमा कार्यहरु गर्ने ।

त) सिपमुलक तालिमहरु ल्याई युवाहरुलाई सक्षम बनाउने कार्य गर्ने ।

थ) समाजमा रहेका जातिय भेदभावलाई अन्त्य गर्नको लागि प्रयास गरी विभिन्न सचेतना मुलुक कार्यक्रमहरु संचालन गर्ने।

द) स्वदेश तथा विदेशको कार्य अनुभवबाट युवाहरुले आर्जन गरेको प्राविधिक ज्ञान, सिप र अनुभवलाई प्रोत्सहान गर्ने।

ध) परिषद्ले आफुले वर्षभरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद् र युवाक्लबहरुले वर्षभरीमा सम्पादन गरेका कामहरु र तिनको उपलब्धि, त्यस्ता कामको लागि गरेको खर्च , परिषद्को कोषको तथा स्रोत साधनको अवस्था , परिषदबाट भएका अन्य काम कारवाही तथा युवाको क्षेत्रमा देखिएका समस्या र सो को समाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

६. परिषद्को बैठक र निर्णयः

(१) परिषद्को बैठक आवश्यकता अनुसार बस्न सक्नेछ । तर दुई बैठक बीचको अन्तर सामान्यत तीन महिनाभन्दा बढी हुने छैन ।

(२) परिषद्को बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसुची सहितको सूचना परिषद्का सदस्य-सचिवले सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) परिषद्को बैठकको अध्यक्षयतामा अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(५) परिषद्को बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी छुट्टै किताबमा सुरक्षित राख्नुपर्नेछ ।

(६) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(७) परिषद्को बैठक सम्बन्धि अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिछेद तीन

नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

कार्यकारी समिति गठन तथा काम, कर्तव्य र अधिकार

**७. कार्यकारी समितिको गठनः**

(१) परिषद्को कार्यकारी निकायको रुपमा एक कार्यकारी समिति रहने छ ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ

क) युवा परिषद्को उपाध्यक्ष - अध्यक्ष

ख) परिषद्का सदस्यहरु मध्येबाट कम्तिमा एकजना महिला रहने गरी परिषद्ले मनोनित गरेका तीन जना - सदस्य

ग) नगरपालिकाको युवा तथा खेलकुद शाखाको कर्मचारी - सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (ख) बमोजिमको सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ।

**८. कार्यकारी समितिको बैठक र निर्णयः**

(१) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(३) परिषद् अध्यक्षको अनुपस्थितिमा सदस्य-सचिवले समितिका सदस्यहरुसँग परार्मश गरी तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्न सक्नेछ ।

(४) कार्यकारी समितिको बैठक हुनुभन्दा कम्तिमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले समितिका सदस्यहरुलाई दिनेछ ।

(५) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफुमध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ ।

(६) कार्यकारी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) कार्यकारी समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राखु पर्नेछ ।

(८) कार्यकारी समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**९. कार्यकारी समितिको काम , कर्तव्य र अधिकारः**

क) परिषद्को वार्षिक योजना, कार्यक्रम र बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने ।

ख) परिषदबाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तिकरण सम्बन्धि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने, गराउने ।

ग) युवा सम्बन्धि विभिन्न निकायद्धारा संचालित कार्यक्रमको समन्वय गर्ने ।

घ) युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभिनयानमुलक कार्यक्रम संचालन गर्ने ।

ङ) युवा सम्बन्धि सूचनाको व्यवस्थापन गर्ने तथा एकीकृत तथ्याङ्क तयार गर्ने ।

च) परिषद्को मातहतमा रहि दैनिक कार्य संचालन गर्ने ।

छ) परिषद्को निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

परिछेद चार

युवा क्लब गठन तथा काम, कर्तव्य र अधिकार

**१०. युवा क्लबको गठनः**

(१) नगरपालिका क्षेत्रका टोल/समुदायस्तरमा युवा क्लब गठन गरिनेछ ।

उपमहानगरपालिका
नगरपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(२) सम्बन्धित टोल समुदायस्तरमा युवाहरुको भेलाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष १/१ जना तथा ४ देखि ६ जना सम्म सदस्य रहने गरि युवाक्लबको कार्य समिति गठन गर्नेछ ।

(३) कार्य समितिको सदस्य हुन चाहिने योग्यताहरुः

क) सम्बन्धित टोल समुदायमा बसोबास गरेको ।

ख) उमेर १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

(४) युवाक्लवले सम्बन्धित वडाको जनप्रतिनिधि समावेश गरी बढीमा ५ जना सम्म रहेको सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

(५) अन्य निकायमा दर्ता भएका युवा क्लबहरुले नगरपालिकामा सूचिकृत वा आवद्धता प्रमाण पत्र प्राप्त गरेर मात्र आफ्ना कार्यक्रमहरु संचालन गर्न सक्ने छन् ।

(६) युवा क्लबले संचालन गरेका कार्यक्रमहरु तथा अन्य काम कुरामा सम्बन्धित वडा समितिको कार्यलयले रेखदेख गर्नेछ।

(७) उपदफा (८) बमोजिम वडा समितिले दिएको निर्देशन र सुझाव पालना गर्नु वडा क्लबको कर्तव्य हुनेछ ।

(८) युवा क्लबमा एकै टोल समुदायमा बसोबास रहेको कम्तिमा २५ जना युवा साधरण सदस्य रहेको हुनु पर्नेछ ।

**११. युवाक्लबको काम, कर्तव्य र अधिकारः**

(१) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(२) परिषद्सँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

(३) नगर तथा वडा स्तरमा संचालन हुने सरसफाई, वातावरण संरक्षण, युवा अधिकार, बाल अधिकार, मानव अधिकार तथा महिला अधिकारका क्षेत्रमा सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

(४) लागुऔषध विरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियतापूर्वक सहभागी हुने तथा कार्यक्रम संचालन गर्ने ।

(५) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडा समिति, परिषद् तथा नगरपालिकासँगको समन्वय र सहकार्यमा स्थानिय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(६) राष्ट्रिय युवा परिषद्, प्रदेश युवा परिषद् ,नगर युवा परिषद् र मातहतका निकायहरु मार्फत स्थानिय स्तरमा संचालन हुने युवा परिषद् नगर युवा लक्षित कार्यक्रम कार्न्यान्वयन गर्न सहयोग गर्ने ।

(७) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडा समितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(८) वडा स्तरमा युवाको तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने ।

(९) परिषद् तथा वडा युवा संजालले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने ।

**१२. युवा क्लबको बैठक सम्बन्धि व्यवस्थाः**

१) युवाक्लबको बैठकको अध्यक्षता क्लबको अध्यक्षले गर्नेछ ।

२) कुल पदाधिकारी संख्याको एकाउन्न पतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मनिनेछ ।

३) बैठक २ महिनामा १ पटक अनिवार्य बस्नुपर्नेछ । आवश्यक परेमा अध्यक्षयले सचिवसँग परामर्श गरी बैठक बोलाउन सक्नेछ ।

४) बैठकमा भएका छलफल र निर्णय छुट्टै निर्णय पुस्तिका खडा गरी अध्यक्षले प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ ।

५) बैठक सम्बन्धि अन्य व्यवस्था युवा क्लब आफैले निर्धारण गर्नेछ ।

**१३. युवा सम्बन्धी संघ, सँस्था,क्लबलाई दर्ता गर्नेः**

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

१) युवाको हक हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी गठन भएको युवा सम्बन्धी संघ, सँस्था तथा युवाक्लबको कार्यसमितिले बिधान सहित नगरपालिकाको कार्यलयमा दर्ता/सूचिकृत वा आवद्धताको लागि निवेदन दिनुपर्नेछ।

२) उपनियम २ बमोजिम निवेदन दिने सँग सस्था,क्लबलाई अवद्धता प्रदान गर्ने उपयूक्त देखिएमा दर्ता/सूचिकृत वा आवद्धता गरी प्रमाण-पत्र दिनुपर्नेछ ।

३) उपनियम २ बमोजिम दर्ता हुने र भएका सँग संस्था,क्लबले हरेक आ.व.मा प्रकाशन हुने आर्थिक ऐनमा तोकिएको दस्तुर बुझाई दर्ता तथा नविकरण गर्नु पर्नेछ ।आर्थिक ऐनमा नतोकिएको अवस्थामा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

४) उप नियम २ बमोजिम दर्ता भएका सँग सँस्था,क्लबबाट कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र परिषद् समक्ष पेश गर्नु पर्ने छ ।

५) प्रचलित कानुन विपरित कार्य गरेको पाइएमा लगातार दुई आर्थिक वर्ष सम्म दर्ता नविकरण नगरेमा र प्रतिवेदन नबुझाएमा र उद्देश्य बमोजिम कार्य नगरेमा सँघ संस्था,क्लबको दर्ता रद्द गर्न सकिनेछ ।

६) नगरपालिका भित्र युवा सम्बन्धी कार्य गर्न कुनै संघ संस्था/क्लबले कुनै निकायबाट कुनै प्रकारको आर्थिक सहयोग प्राप्त गर्न वा दिन चाहेमा परिषद्को पूर्वस्वीकृति लिनुपर्नेछ ।

७) नगरपालिकामा दर्ता नभएका र नविकरण नगरेका क्लबहरुलाई नगरपालिकाबाट कुनै पनि सेवा, सुविधा,सहयोग प्रदान गरिने छैन ।

८) नगरपालिकामा दर्ता गर्नको लागि संघ,संस्था/क्लबले दिने निवेदनको ढाँचा,आवश्यक कागजपत्र तथा संस्था/क्लबहरुलाई दिने प्रमाण-पत्र र सपथको ढाँचा नगरपालिकाको यूवा तथा खेलकुद शाखाले निर्माण गरे बमोजिम हुनेछ ।

१४. **कार्यक्रम सञ्चालन गर्न सक्नेः** दफा १३ बमोजिम परिषद् सँग आवद्ध भएका युवा क्लब वा सँग संस्थाले आफ्नो विधानको अधिनमा हरी बेरोजगार युवालाई सिपमुलक वा स्वरोजगार सम्बन्धी तालिम प्रदान गर्न वा सशक्तिकरण गर्न पिछडिएको समुदाय वा वर्गको युवाको हक, हितको संरक्षण गर्न खेलकुद लागायत विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्ने छ ।

## परिच्छेद पाँच

## परिषद्को कोष सम्बन्धि व्यवस्था

१५. परिषद्को कोषः

(१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन ,

क) संघीय सरकार प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम ,

ख) कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम ,

ग) विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम ,

घ) परिषद्ले आन्तरिक स्रोत परिचालनबाट आर्जित रकम ,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) अन्य स्रोतबाट रकम प्राप्त गर्न अघि परिषद्ले उपमहानगरपालिका तथा नेपाल सरकार, अर्थ मन्त्रायको स्वीकृत लिनु पर्नेछ ।

(४) परिषद्को नामबाट गरिने खर्चहरु उपनियम (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद छ
## विविध

१६. **निर्देशन दिन सक्नेः**

(१) उपमहानगरपालिकाले परिषद्‌को काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको राय सुझाव तथा निर्देशनको पालना गर्नु परिषद्‌को कर्तव्य हुनेछ ।

१७. **अधिकार प्रत्यायोजनः** परिषद्‌ले यो कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. **शपथ ग्रहण गर्नु पर्नेः** परिषद्‌ र कार्यकारी समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि परिषद्‌को अध्यक्ष समक्ष पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।

१९. **सहयोग गर्नु पर्नेः** परिषद्‌को काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु हानगरपालिका र मतहतका निकाय सबैको कर्तव्य हुनेछ ।

२०. **परिषद्‌ विघटनः** परिषद्‌ले यस कार्यविधिको उद्देश्य बमोजिम काम गर्न नसकेमा नगरपालिकले जुनसुकै बखत परिषद्‌ वा कार्यकारी समितिका विघटन गर्न सक्नेछ ।

२१. **कार्यविधिको व्याख्याः** यो कार्यविधि कार्यन्वयनको सिलसिलमा कुनै द्विविधा वा विवाद भएमा कार्यपालिकाको बैठकबाट अनुमोदन हुने गरी नगर प्रमुखको निर्णय बमोजिम हुनेछ ।

२२. **संसोधनः** यस कार्यविधिलाई आवश्यक्ता अनुसार नगर कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

आज्ञाले,
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत